**संयुक्त राज्य अमेरिका श्रम मन्त्रालय**

# सन् २०२१ का निकृष्ट बालश्रम सम्बन्धी निष्कर्षहरू

## नेपाल

निकृष्ट बालश्रम उन्मूलन गर्ने कार्यमा सन् २०२१ मा नेपालले मध्यम स्तरीय प्रगति हासिल गरेको छ । सरकारले सन् २०१८ को नेपाल श्रमशक्ति सर्वेक्षणको तथ्याङ्क सार्वजनिक गरेको छ, जस अनुसार १०.१ लाख बालबालिका बालश्रममा संलग्न रहेको अनुमान गरिएको छ । यसको साथै अनलाइन माध्यमबाट बालबालिका माथि हुने दुर्वव्यवहार रोक्नमा सहयोग पुऱ्याउनका लागि महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले अनलाइन बाल संरक्षण प्रणाली सन् २०२१ स्विकृत गरेको छ । नेपाल बाल अधिकार परिषदले १२९ स्थानीय सरकारी निकायहरूमा बाल अधिकार संरक्षण समितिहरू गठन गरेको छ । सयसको अतिरिक्त सरकारले मानव बेचबिखन पीडित ६० जनलाई स्वदेश फिर्ता गराउनुका साथै शिक्षामा बालबालिकाको पहुँच बृद्धि हुने गरि नयाँ विद्यालय शिक्षा योजना समेत लागु गरेको छ । यद्यपि, नेपालमा बालबालिकाहरू व्यावसायिक यौन शोषण र बाध्यात्मक रुपमा सडकमा मगन्ते बनाइनेजस्ता निकृष्ट बालश्रमको पीडित हुने गरेको पाइएको छ । बालबालिकाहरू ईँटा उत्पादन जस्तो जोखिमपूर्ण कार्यहरूमा संलग्न रहेको पाइएको छ । सरकारले पछिल्लो प्रतिवेदन अवधिमा यस विषयसँग जोडिएको सबै क्षेत्रमा अर्थपूर्ण प्रयासहरू गरेतापनि यस्ता प्रयासहरूले बालबालिकाको बेचबिखन र अवैध धन्दामा उनीहरूको संलग्नतालाई कानूनीरुपमा निषेध गर्नका लागि बनेका अन्तर्राष्ट्रिय मापदण्डहरू पूरागर्न सकेका छैनन् । बालबालिका बेचबिखन सम्बन्धी ऐन अपर्याप्त छ, किनभने यसमा बलपूर्वक, छल अथवा बाध्य बनाएर गरिनेबाहेकका अन्य प्रकारका बालश्रम भर्ती, प्रयोग एवं लेनदेन र तस्करीलाई स्पष्ट रुपमा अपराधीकरण गरिएको छैन र यसैगरि बालबालिकालाई अवैध धन्दामा प्रयोग गर्ने कार्य निषेध गर्ने कानून पनि अपर्याप्त छन् किनभने लागू औषध उत्पादनमा बालबालिकाको प्रयोग कानूनत निषेध गरिएको छैन । श्रम ऐन र त्यसअन्तर्गत पर्ने बालश्रम सम्बन्धी कानून लागू गर्नका लागि श्रम मन्त्रालयको बजेट, बालश्रम निरीक्षक संख्या, र उनीहरूलाई उपलब्ध तालीम र स्रोतसाधनहरू सबै पक्षमा अप्रयाप्त रहेको स्थिति छ । यसैगरि बालश्रमको सन्दर्भमा सरकारले फौजदारी कानून कार्यान्वयनबारे जानकारी सार्वजनिक गरेको छैन ।

| बालश्रम उन्मूलनका लागि सरकारले लिनुपर्ने कदम सम्बन्धि सुझावहरू | | |
|---|---|---|
| **क्षेत्र** | **सुझाब गरिएका कदमहरु** | **सुझाव दिइएको वर्ष(हरू)** |
| कानूनी प्रावधान | श्रम कानूनलाई आईएलओ को दफा सि. १८२ सँग मिल्ने गरि जोखिमयुक्त रोजगारीमा भाग लिन न्यूनतम प्रवेष उमेरलाई बढाउँदै १८ वर्ष बनाउन सुनिश्चित गर्ने । | २००९ – २०२१ |
| | बालबालिकालाई काम गर्न निषेध गरिएका जोखिमयुक्त कामहरूको सूची फराकिलो बनाउँदै त्यसमा बालश्रम प्रयोग हुने गरेका ईँटाभट्टा लगायतका विभिन्न निश्चित क्षेत्रहरू पनि सुनिश्चित गर्ने । | २०१५ – २०२१ |

| बालश्रम उन्मूलनका लागि सरकारले लिनुपर्ने कदम सम्बन्धि सुझावहरू | | |
|---|---|---|
| **क्षेत्र** | **सुझाब गरिएका कदमहरु** | **सुझाव दिइएको वर्ष(हरू)** |
| | जालसाजी, जबरजस्ती र बल प्रयोगको कुनै पनि प्रमाण देखाउनु पर्ने आवश्यक्ता नरहने गरि कानूनी दायरामा बालबालिकाको तस्करीलाई समष्टिगत रुपमा निषेध गर्दै यस्ता कार्यहरूलाई अपराधको रुपमा घोषणा गर्ने । | २०१५ – २०२१ |
| | लागू औषध उत्पादनलगायतका अवैध क्रियाकलापमा बालबालिकाको प्रयोगलाई सुनिश्चित ढंगले कानूनी रुपमै निषेधित गर्ने । | २०१५-२०२१ |
| | गैर-राज्यपक्षका सशस्त्र समूहद्धारा १८ वर्ष मुनिका बालबालिकालाई योद्धाको रूपमा भर्ना गर्ने र गराउने कार्यलाई कानूनी सजाय सुनिश्चित गर्ने । | २०१६-२०२१ |
| कानूनको कार्यान्वयन | बालश्रम सम्बन्धि कानूनको अबज्ञालाई दुरुत्साहित गर्नका लागि सजाय बढाउने । | २०१५-२०२१ |
| | बालश्रम विरुद्धका कानूनी प्रावधानहरूको कार्यान्वयन र उल्लंघनकारीहरू माथि कानूनी कारबाही सुनिश्चित गर्ने । | २०१८-२०२१ |
| | बालश्रम कानून पूर्ण रुपमा लागू गर्नका लागि श्रम विभागलाई पर्याप्त बजेट सुनिश्चित गर्ने । | २०१६-२०२१ |
| | खासगरेर अनौपचारिक क्षेत्रमा बाल श्रम निरीक्षकहरूको संख्या वृद्धि गर्नुको साथै जनशक्ति क्षमतामा सुधार ल्याउने । | २०१८-२०२१ |
| | खास गरेर स्थानीय तहमा श्रम निरीक्षणालयलाई मजबुत बनाउने र सबै क्षेत्रमा नियमितरुपमा लक्षित निरीक्षणहरु सुरुगर्नुका साथै उजुरी आएपछिमात्र श्रम निरीक्षण गर्नुको साटो अघोषित निरीक्षणहरुमा वृद्धि गर्ने । | २०१७-२०२१ |
| | आइएलओको प्राविधिक सुझाव पालना हुने गरि श्रम निरीक्षकको संख्यामा वृद्धि गर्ने । | २०१०-२०२१ |

| बालश्रम उन्मूलनका लागि सरकारले लिनुपर्ने कदम सम्बन्धि सुझावहरू | | |
|---|---|---|
| **क्षेत्र** | **सुझाब गरिएका कदमहरु** | **सुझाव दिइएको वर्ष(हरू)** |
| | निकृष्ट बालश्रम लगायतका विषयमा कार्यरत श्रम निरीक्षकहरूलाई लक्षित गर्दै बालश्रम सम्बन्धी कानूनी प्रशिक्षण संस्थागत गर्ने । | २०१९-२०२१ |
| | श्रम ऐन कार्यान्वयनसँग सम्बन्धित निम्न विषयहरूमा तथ्यांक प्रकाशन गर्नेः नवनियुक्त अपराध अनुसन्धानकर्तालाई प्रारम्भिक प्रशिक्षणको उपलब्धता; कार्यरत अनुसन्धानकर्ताहरूको आवधिक प्रशिक्षण; भेटिएका निकृष्ट बालश्रम उल्लंघनका घटना, अनुसन्धान, कारबाही र दोषी प्रमाणीतको संख्या; र निकृष्ट बालश्रमविरुद्ध जारी दण्ड सजायको संख्या र विवरणहरु प्रकासित गर्ने । | २००९-२०२१ |
| | अपराध नियन्त्रण कानून लागू गर्ने निकायहरूलाई थप श्रोतसाधन समपन्न बनाउने ताकि उनीहरूले निकृष्ट बालश्रमसँग सम्बन्धित अपराध विरुद्ध कानूनी कारबाही गर्न सकुन् । | २०११-२०२१ |
| | निकृष्ट बालश्रम प्रयोगमाथि निगरानी राख्न र प्रकार अनुसार त्यसको अनुगमन गर्नका लागि एक केन्द्रीय तथ्यांक (डाटाबेस) निर्माण गर्न प्रयाप्त स्रोतसाधन उपलब्ध गराउने । | २००९-२०२१ |
| समन्वय | सम्पूर्ण समन्वयकारी निकायहरू आ-आफ्ना जिम्मेवारी पूरा गर्नमा सक्षम र सक्रिय रहने छन् भन्ने कुरा सुनिश्चित गर्ने । | २०२०-२०२१ |
| सरकारी नीति | मानबतस्कारीको बिरुद्धमा बनाईएका राष्ट्रिय कार्ययोजनालाई अद्यावदी गर्ने - खासगरेर महिला र बालबालिकाहरुलाई बलपूर्वक श्रममा लगाइने अवस्थालाई प्रभाकरी ढंगले सम्बोधन गर्नका लागि त्यसलाई मानव तस्करी विरोधि आयोजनामा मिलाउने ल्याउने । | २०१८-२०२१ |
| सामाजिक कार्यक्रम | निर्माण लगायतका क्षेत्रहरूमा अनुसन्धाको आधारमा बालबालिकाहरू कस्ता गतिविधिमा संलग्न हुँदा रहेछन् भन्ने कुराको ठहर गर्ने र प्राप्त जानकारीलाई सामाजिक नीति निर्माणमा प्रयोग गर्ने । | २०१९-२०२१ |
| | विद्यालयमा सफा शौचालयको सुविधा नहुने, विद्यालय लामो दूरीमा रहने, शिक्षा पाउन शुल्क तिर्नु पर्ने, रोजगारीमा लाग्न र वैदेशिक रोजगारीमा | २०१३-२०२१ |

| बालश्रम उन्मूलनका लागि सरकारले लिनुपर्ने कदम सम्बन्धि सुझावहरू | | |
|---|---|---|
| **क्षेत्र** | **सुझाब गरिएका कदमहरु** | **सुझाव दिइएको वर्ष(हरू)** |
| | जानका लागि दबाब भोग्नु पर्ने र रक्सी र लागू पदार्थ सेवन जस्ता शिक्षा हासिल गर्नमा बाधा पुऱ्याउने तत्वहरू हटाउने । | |
| | अपाङ्गता भएका र सबै शरणार्थी बालबालिकाको शिक्षामा पहुँच बढाउने र शैक्षिक पहुँचका बाधकहरू हटाउने प्रयासमा सहयोग पुऱ्याउने । | २०१९-२०२१ |
| | ईंटा भट्टामा कर्यरत बालबालिका सहित व्यवसायीक यौन शोषणबाट पीडित बालबालिकाको हितमा विभिन्न सामाजिक कार्यक्रमहरू तयार गर्ने । | २०१८-२०२१ |

\#	#	#